कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२ (उद्योग, सहकारी तथा उपभोक्ता हित संरक्षण उप-शाखा)
च.नं.:

मिति :-२०८१/०४/०६
नेपाल सम्वत् ११४४ दिल्लाथ्व १५ आईतवार

## सहकारी संस्थाहरुको लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकहरु दर्ता तथा सूचिकृत हुने बारेको सूचना

प्रस्तुत बिषयमा कोहलपुर नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ५४ बमोजिम सहकारी संस्थाहरुले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानुन बमोजिम इजाजत-पत्र प्राप्त , संस्थाको साधारण सभाले नियुक्ति गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यवस्था रहेको साथै नगरपालिका क्षेत्रभित्र रहेका लेखापरीक्षण गर्ने व्यक्ति , फर्म वा कम्पनी नगरपालिकामा दर्ता तथा सूचिकृत हुनुपर्ने कानुनी व्यवस्था भएकोले यस नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको आर्थिक वर्ष २०८०/०८१ लेखापरीक्षण गर्न नियुक्ति तथा छनौट भएका व्यक्ति , फर्म तथा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिलका कागजातहरु सहित नगरपालिकाको कार्यालयमा दर्ता तथा सूचिकृत हुन सम्बन्धित सबैमा यसै सूचना मार्फत जानकारी गरिन्छ ।

**पुनश्चः आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षकलाई जानकारी दिनुहुन सम्पूर्ण सहकारी संस्थाहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।**

तपसिल

१. लेखापरीक्षकको लेखापरीक्षण इजाजत-पत्र प्रतिलिपि.
२. लेखापरीक्षकको लेखापरीक्षण इजाजत-पत्र नवीकरण.
   (पेशागत प्रमाण-पत्र नवीकरण)
३. स्थायी लेखा नम्बर (PAN) प्रमाण-पत्र प्रतिलिपि.
४. लेखापरीक्षकको कर चुक्ता प्रमाण-पत्र,
५. लेखापरीक्षकको पास पोर्ट साईजको २ प्रति फोटो ,
६. व्यक्ति ,फर्म वा कम्पनीको छाप ,

अग्निप्रसाद आचार्य
(अधिकृत छैठौं)
सहकारी उप-शाखा

info@kohalpurmun.gov.np, iccp@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun